Karuna foundation Nepal
Saving children from disability, one by one

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश , स्थानीय तह तथा करूणा फाउण्डेसन नेपालको त्रिपक्षीय साझेदारीमा सञ्चालित

# अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम

बेलका नगरपालिका, उदयपुर (जिल्ला)
चौथो त्रयमासिक प्रगति प्रतिवेदन
आ.व. २०८०/०८१

## १. यस त्रयमासिकका कार्यक्रमले ल्याएका मुख्य उपलब्धीहरू के के हुन् ?

अपाङ्गता रोकथाम

१. नव दम्पत्तीहरुका लागि शुभकामना कार्ड छापी वितरणका लागि वडा कार्यालयमा दिइसकेको छ ।

२. नवजात शिशुको जन्मदोष पहिचानका लागि पालिका भरमा रहेका स्वास्थ्य संस्थाका इन्चार्ज तथा अनमी कर्मचारीहरुले दुई दिने तालिम प्राप्त गरिसकेका छन् ।

समुदायमा अधारित पुनस्थार्पनायस

१. अपाङ्गता पहिचान तथा परिचय पत्र वितरण, तथ्याङ्क अध्यावधिक, प्रोफाइल तयारी र आवश्यकता पहिचानका लागि अपाङ्गता भएका ब्यक्तिहरुको विषेशज्ञ चिकित्सक/प्राविधिकद्वारा प्रारम्भीक जाँच शिविर पालिकाका सबै वडाहरुमा एकदिने शिविर संचालन गरीएको ।उक्त शिविरबाट तपसिलल अनुसारको कार्य संम्पादन गरिएको थियो ।

तपसिल :

क) २८५ जनाको अपाङ्गता पहिचान गरी नया परिचय पत्र वितरण ।

ख) ९४० जाना कोबोबाट पहिचान गरी ७२९जना को तथ्याङ्क अध्यावधिक गरी एम आइ एसमा अपडेट पनि गरिसकिएको छ ।

ग) २४९ वटा सहायक तथा सहयोगी समाग्रीको आवश्यकतारहेको पहिचान गरीसकिएको छ।

घ) १६३ जनालाई फिजियोथेरापी सेवा पनि आबश्यक भएको कुरा अध्यावधिक गरी सोहि अनुसार सेवा प्रवाह गर्ने ब्यवस्था मिलाइने छ ।

ङ) शिविरबाट नया रातो र निलो कार्ड प्राप्त गरेका र सुरक्षा भत्ता प्राप्त गर्न छुटेका ब्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ताका लागि सम्बन्धित वडा कार्यालय मार्फत सामाजिक सुरक्षा भत्ता सेवामा आवद्ध हुनका लागि सुसुचित गरिसकिएको छ ।

२. ९४० जना अपाङ्गता भएका ब्यक्तिहरुको प्रोफाइल तयार पार्नका लागि तत्काल उपलब्ध कागजात सहितको फाइल तयार पारिसकिएको छ ।

३. ९४० जना अपाङ्गता भएका ब्यक्तिहरुको सिविआरएफ द्वारा गृहभेट गरिसकिएको।

४. सि.वि.आर.एफ. का लागि आबश्यक फिजियोथेरापीको समाग्री खरिद गरीसकिएको छ ।

५. १५९ जनालाई चाहिने अबश्यक सहायक तथा सहयोगी सामाग्रीहरु बजेट अनुसार खरिद गरीसकिएको छ।

७. पालिकामा रहेका सबै बिद्यालयका शिक्षक तथा बिद्यालय ब्यवस्थापन समितिका पदाधिकारी प्रतिनिधीहरुले समाबेशी शिक्षाका लागि दुई दिने तालिम प्राप्त गरी सकेका छन ।

८. पालिकामा रहेका अपाङ्गता भएका ब्यक्ति तथा परिवारको प्रतिनिधित्वमा गठन भइ परिचालन भएको मिलिजुली समुहको लागि बिउपुँजी रकम हाल यस पालिकमा रहेको ओ.पी.डी. (बेलका अपाङ्गगता संघ) को खातामा जम्मा गराइसकिएको छ।

९. मिलिजुली समुहका लागि आवश्यक बचत ऋण ब्यवस्थापन तथा आय ब्यय हिसाब राख्नका लागि पासबुक तथा रजिष्टरहरु छपाई गरी हस्तातरण समेत गरिसकिएको छ ।

१०. पालिकाको ९ वटै वडाका मिलिजुलि समुहको बैठक बसी आबश्यक निर्णयहररु गरीरहेका छन ।

११. पालिकामा रहेका मिलिजुली समुहका सदस्य एवं पदाधिकारीहरुले बचत, ऋण ब्यवस्थापन तथा नेतृत्व विकास तालिम प्राप्त गरीसकिएको छ ।

१२. यस पालिकाम गठन भइ दर्ता भएको ओ.पी.डी. (बेलका अपाङ्गगता संघ) का सदस्य एवं पदाधिकारीहरुले ओ.पी.डी. को क्षमता विकास तालिम प्राप्त गरिसकेका छन ।

१३. पालिकामा रहेका सबै सरोकारवालाहरुको सहभागितामा आ ब २०८० /०८१ को वार्षिक समिक्षा तथा अगामी आ.ब. २०८१ /०८२ को वार्षिक योजना निर्माण कार्यशाला संचालन गरी चालु बर्षको समिक्षा र अगामी बर्षको योजना बनाई पालिकाबाट सामाजिक विकास मन्त्रालय कोशी प्रदेशमा पठाइ सकिएको छ ।

१४. सि.वि.आर. सहजकर्ता कार्यक्रम सम्पर्क ब्यक्ति र ओ.पी.डी. प्रतिनिधीको मासिक बैठक ४ वटा संचालन गरी सकिएको छ ।

२. यस त्रयमासिकका योजना गरिएका मुख्य गतिविधिहरू मध्ये सम्पन्न हुन नसकेका गतिविधिहरू कारण सहित उल्लेख गर्नुहोस् ।

| क्र.सं. | सम्पन्न हुन नसकेका गतिविधिहरू | सम्पन्न हुन नसक्नुका कारणहरू |
|---|---|---|
| १ | जन्मजात अपाङ्गता पहिचान भएका नवजात शिशुहरुको उपचार | नवजात शिशुहरुको परिक्षण प्रयाप्त नभएको र परिक्षण भएकोमा जन्मदोष फेला नपरेको । |
| २ | स्वास्थ्य उपचार सहयोग | उपचारको अवश्यकता पहिचान गर्न ढिला भएको र उपचार सेवा उपलब्ध गराउन पुर्व तयारी पनि गर्नुपर्ने भएकाले यस बर्ष उपचार सहयोग गर्न सकिएन । |
| ३ | अपाङ्गता भएका बालबालिकाहरुलाइ घरमा आधारित शिक्षा | शिविर संचालनमा ढिलाइ भइ अबश्यकता पहिचान गर्न पनि ढिलाइ भएकाले । |

| | | |
|---|---|---|
| ४ | अपाङ्गता भएका ब्यक्तिहरुको संस्था (ओ. पि. डी.) सुदृढीकरण तथा अपङ्गता शसक्तीकरण कार्यक्रम संचालन । | यस पालिकामा गठन भई परिचालन भइरहेको संस्थाले यस आ. ब. का लागि यसै पालिकाबाट दुइलाख रुपैयाँ अनुदान लिएर कार्यक्रम संचालन गरिरहेकाले । |
| ५ | बौद्धिक तथा श्रवण बिहिन आपाङ्गता भएका ब्यक्तीहरुकालागि श्रोत | बिद्यालय तथा बिद्यालयमा रहेको अबिभाबकहरको समितिबाट कुनै प्रस्ताव पनि प्राप्त हुन नसकेकाले। |

## ३. यस त्रयमासिकका मुख्य चुनौतीहरू के के थिए र तिनका समाधानका लागि के कस्ता उपायहरू अपनाइएका थिए ?

| क.सं. | चुनौतीहरू | समाधानका लागि अपनाइएका उपायहरू |
|---|---|---|
| १ | कार्यक्रम संचालन गर्ने समय एकदमै छोटो भएको तथा कार्यक्रमहरु धेरै भएकाले । | सरोकार राख्ने शाखा तथा कर्मचारीहरुलाइ जिम्मा दिएर तथा एकै समयमा दुईतिर तालिम चलाएर पनि कार्यक्रम संम्पन्न गरिएको थियो । |
| २ | | |

## ४. यस त्रयमासिकका मुख्य सिकाईहरू के के थिए ? ती सिकाईहरूले आगामी चौमासिकको योजनामा के कस्तो प्रभाव पार्नेछन् ?

१. कार्यक्रमको संख्याको तुलनामा कार्यक्रम संचालन गर्ने समय एकदमै थोरै भएकोले कार्सम्पादनमा कठिनाइ भएको थियो: त्यसैकारण कार्यक्रम संचालन गर्दा आवश्यक समयको ख्याल गरिएन भने कार्यक्रमलाई सुचारु रुपमा संचालन गर्न नसकिने कुरा थाहा पाइयो ।

## ५. यस त्रयमासिकका प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय तथा करूणा फाउण्डेसन नेपालसँगको सहकार्यको अनुभव कस्तो रह्यो ?

१. अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रममा सरकारी लगानी समेत भएकाले समुदायको कार्यक्रम प्रती सकारात्मक दृष्टिकोण रहेको पाईएको छ ।
२. प्रदेश सरकारको र स्थानिय सरकारको लगानी तथा रेखदेखमा कार्यक्रम संचालन हुने भएकाले सरकारी समयंन्त्रबाट आर्थिक कारोबार गर्ने भएकाले कार्यक्रम गर्न सहजछ ।

## ६. आगामी त्रयमासिकका मुख्य योजनाहरू के के छन् ? उल्लेख गर्नुहोस् ।

१. अपाङ्गता भएका ब्यक्तीहरुलाई सहयोगी समाग्री वितरण ।
२. मिलिजुली समुहलाई बिउपुँजी हस्तान्तरण ।
३. सहयोगी सामाग्री खरिद तथा वितरणका लागि नापजाच शिविर ।

४. बिद्यालय स्वास्थ्य परिक्षणका लागि शिक्षक र बिद्यालय नर्सलाई तालिम ।
५. जन्मजात अपाङ्गता पहिचान भएका नवजात शिशुको उपचार ।
६. जन्मेको २८ दिन देखि ५ वर्ष मुनीका बालबालिकाहरूमा हुनसक्ने जन्मदोष/अपाङ्गताको शीघ्र पहिचान र व्यवस्थापन ।
७. स्वास्थ्य उपचार सहयोग ।
८. अपाङ्गता भएका व्यक्तिहरूको संस्था (ओ.पि.डि) सुदृढिकरण तथा अपाङ्गता सशक्तिकरण कार्यक्रम सञ्चालन ।
९. मिलिजुली समुहको लागि वचत, ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम ।
१०. ओ. पि. डी. को क्षमता अभिवृद्धी तालिम ।
११. हेरचाह गर्नेलाई सिप तालिम ।

**प्रतिवेदन तयार गर्ने**

नामथर: श्री ज्योती राई

पद: सहायकस्तर पाँचौ

दस्तखत:

कार्यालय: बेलका नगरकार्यपालिकाको कार्यालय

**प्रतिवेदन स्विकृत गर्ने**

नामथर: श्री पुरुषोत्तम घिमिरे

पद: प्रमुख प्रसाशकीय अधिकृत

दस्तखत:

कार्यालय: बेलका नगरकार्यपालिकाको कार्यालय